धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६५ ◆ २०८३ असोज ५ सोमबार ◆ Monday, September 21, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## स्याहार योजना कार्यान्वयनमा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । विपद्का कारण परिवारबाट छुटेका, अभिभावक तथा संरक्षक विहीन भएका र विशेष संरक्षणको आवश्यकता परेका बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि सरकारले ‘स्याहार योजना’ कार्यान्वयनमा ल्याएको छ ।

योजना अन्तर्गत ललितपुर जिल्लाको गोदावरी नगरपालिका-१२, ठेचोमा बालबालिकाका लागि अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा आएको हो । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको पहलमा राष्ट्रिय बालअधिकार परिषद्ले सञ्चालनमा ल्याएको ठेचोस्थित केन्द्र विपद् प्रभावित तथा विशेष संरक्षण आवश्यक बालबालिकाका लागि तत्काल सुरक्षित आश्रय र आवश्यक संरक्षण सेवा उपलब्ध गराउने केन्द्रका रूपमा सञ्चालन गरिएको हो । केन्द्रमा बालबालिकाका लागि सुरक्षित आवास, खानपान, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक अवस्था पहिचान तथा परिवार वा आफन्तको खोजी लगायतका सेवा उपलब्ध गराइनेछ। बालबालिकाको सर्वोत्तम हित र सुरक्षा सुनिश्चित गर्दै सम्भव भएसम्म उनीहरूलाई परिवार वा उपयुक्त आफन्तसँग सुरक्षित पुनःमिलन गराइनेछ । परिवार वा आफन्तसँग सुरक्षित पुनःमिलन सम्भव नभएको अवस्थामा मात्र, बालबालिकाको सर्वोत्तम हित, सुरक्षा र आवश्यकताको मूल्याङ्कनका आधारमा प्रचलित कानुन तथा मापदण्ड बमोजिम दीर्घकालीन सुरक्षित संरक्षणको व्यवस्था अन्तिम विकल्पका रूपमा गरिने बताइएको छ ।

## महासभामा भोटेकोशी विपद्बारे सम्बोधनको तयारी गर्न निर्देशन

❑ *लोकेश धामी*

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संयुक्त राष्ट्रसङ्घको महासभामा भोटेकोशी विपद्सँग जोडिएका बहुआयामिक पक्ष र बदलिँदो राजनीतिक परिस्थितिका बारेमा सम्बोधनको तयारी गर्न निर्देशन दिएको छ ।

पार्टी सभापति रवि लामिछानेको सभापतित्वमा केन्द्रीय कार्यालयमा आइतबार सम्पन्न सचिवालयको बैठकले महासभामा सहभागी हुनजाने प्रधानमन्त्री र परराष्ट्र मन्त्री लगायतको कार्यदललाई अन्तराष्ट्रिय सम्बन्ध र विश्वमञ्चमा नेपालको भूमिकाका विषयमा धारणा राख्ने गरी तयारी गर्न निर्देशन दिएको हो ।

बैठकले पार्टीको मधेस प्रदेशको साङ्गठनिक अवस्था तथा कार्यसम्पादन अडिटका सन्दर्भमा संयोजक तथा सहमहामन्त्री हरि ढकालबाट विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् आवश्यक रणनीतिक कदम अगाडि बढाउने निर्णय गरेको प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकले केन्द्रीय अनुशासन आयोगको सदस्यमा अधिवक्ताहरू हरिचन्द्र भट्टराई सुशीला सिंखडा, रामचन्द्र कार्की, शान्ता थापा, नन्दन तिमिल्सिना, रोहन बोहजू, भविन्द्र राई, सन्तोष आचार्य, सन्तोष बिसुखे र श्वेता कुमारीलाई मनोनयन गरेको छ ।

ज्ञानेन्द्र मल्ललाई युवा खेलकुद तथा सशक्तीकरण विभागको उपप्रमुखका रूपमा मनोनयन गरिएको प्रवक्ता खरेलले जानकारी दिनुभयो । त्यस्तै अन्तरराष्ट्रिय सम्बन्ध तथा कूटनीतिक विभागको सदस्यमा महेश भट्ट, टासी लाजोम र हिक्मतजङ्ग कार्कीलाई नियुक्त गरिएको छ। सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभागको सदस्यमा जयराम गुरुङ र राजकुमार श्रेष्ठलाई नियुक्त गरिएको छ । बैठकमा नव-मनोनित सचिवालय सदस्य विराजभक्त श्रेष्ठ र सह-प्रवक्ता सुरेन्द्र चौधरीले पार्टी सभापति लामिछानेसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको थियो। बैठकले भोटेकोशी विपद्का कारण स्थगित पार्टीका सम्पूर्ण आधिकारिक गतिविधि पुनःसञ्चालन गर्ने निर्णय गरेको प्रवक्ता खरेलले जानकारी दिनुभयो।

“यसअन्तर्गत ‘हामी सुन्छौं’ अभियान, ‘नागरिक नीति र नेतृत्व’ अभियान, स्थानीय तहका उम्मेदवार छनोट प्रक्रियालगायत साङ्गठनिक तथा जनसम्पर्कका कार्यक्रम अब अविलम्ब अघि बढाइनेछन्”, उहाँले भन्नुभयो । बैठकमा पार्टीका उपसभापति तथा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आफ्नो भर्खरै सम्पन्न भारत भ्रमणका क्रममा भएका भेटवार्ता र आर्थिक कूटनीतिका विषयमा सचिवालयलाई विस्तृत जानकारी गराउनुभएको थियो ।



भोटेकोशीमा आएको विनाशकारी बाढीपछि पार्टीका तर्फबाट सरकारमा सहभागी पदाधिकारी तथा सदस्यले खोजी, उद्धार, राहत वितरण तथा पुनःस्थापना र पुनर्निर्माणका बहुआयामिक पक्षबारे पार्टीलाई जानकारी गराउनुभएको थियो ।

बैठकले बाढीमा परी ज्यान गुमाएका तर शव पहिचान हुन नसकेकाको शीघ्र डिएनए परीक्षण गर्न तथा बेपत्ता भई आशा मारिसकेका व्यक्तिको हकमा परिवारको सहमतिमा मृत्यु प्रमाणपत्र उपलब्ध गराउने कानुनी प्रक्रिया छिटो टुङ्गोमा पुर्याई पीडित परिवारलाई राहत तथा सुविधा प्रदान गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

## २ सय ८१ शव गोकर्णेश्वरमा व्यवस्थापन

काठमाडौं । रसुवास्थित भोटेकोशी नदीमा गत भदौ १० गते गएको विनाशकारी बाढीमा परी ज्यान गुमाएर काठमाडौं ल्याइएका २८१ जनाको शव सुरक्षित रुपमा व्यवस्थापन गरिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार काठमाडौंको गोकर्णेश्वर नगरपालिका-७ स्थित दक्षिणढोका वन क्षेत्रमा ती शव जमिनमुनि गाडेर सुरक्षित रुपमा व्यवस्थापन गरिएको हो ।

उहाँका अनुसार विपद् प्रभावित रसुवा, धादिङ र नुवाकोटबाट ती शव काठमाडौं ल्याइएको थियो । ती शवको त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टम तथा डिएनए परीक्षणका लागि नमूना सङ्कलन गरेपछि सुरक्षित रुपमा व्यवस्थापन गरिएको हो । प्रहरीका अनुसार प्रत्येक शवबाट डिएनए परीक्षणका लागि आवश्यक नमूना सङ्कलन गरी शवलाई सुरक्षित रुपमा गाड्ने गरिएको छ । भविष्यमा पहिचान खुलेमा सम्बन्धित परिवारलाई शव हस्तान्तरण गर्न सकिने गरी आवश्यक विवरण र नमूना सुरक्षित राखिएको प्रहरी उपरीक्षक थापाले बताउनुभयो ।

शव व्यवस्थापन गर्दा विशेष प्रकारको ‘एयरटाइट ब्याग’ प्रयोग गरी त्यसमा ट्याग नम्बर राख्ने गरिएको छ। ट्याग नम्बरका आधारमा शवको विवरण पहिचान गर्न सहज हुने गरी अभिलेखसमेत राखिएको छ । बाढीमा परी ठूलो जनधनको क्षति भएपछि विभिन्न स्थानबाट फेला परेका शवलाई पहिचान तथा डिएनए परीक्षणका लागि काठमाडौं ल्याइएको हो । पहिचान हुन बाँकी शवको डिएनए नमूना सुरक्षित राखी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

## प्राथमिकताका सेवाग्राहीलाई ‘ग्रिन टोकन’

काभ्रेपलाञ्चोक । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले ‘प्राथमिकता’का सेवाग्राही लक्षित ‘ग्रिन टोकन’मार्फत सेवा प्रवाह थालेको छ ।

कार्यालयले सेवा प्रवाहमा प्राथमिकतामा राख्नुपर्ने अशक्त लगायत लाइनमा कुरेर बस्न नसक्नेलाई हरियो टोकनमार्फत सेवा दिन थालेको हो ।

कार्यालयका प्रशासकीय अधिकृत सुनिता थापाका अनुसार पहिलो प्राथमिकतामा ज्येष्ठ नागरिक, गर्भवती, अशक्त एवं अपाङ्गता भएका व्यक्ति तथा पाँच वर्षमुनिका बच्चाका आमा पर्नेछन्। हरियो टोकन लिएका सेवाग्राहीले सेवा लिन कुरेर बस्न नपर्ने थापाको भनाइ छ । सेवा सुरु गरिएको केही दिनमै निकै प्रभावकारिता देखिएको प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “कार्यालयमा आएर ग्रिन टोकन लिएका नागरिकले अन्य सेवाग्राही जस्तो लामो समयसम्म सेवा लिन लाइनमा बस्नु पर्दैन, लाइनमा बसेर सेवा कुर्न नसक्ने व्यक्तिलाई लक्षित गरी यस्तो प्रणाली लागू गरेका हौं, यो सेवा प्रभावकारी बन्दैछ ।”

हाल जिल्ला प्रशासनको कार्यालयमा दैनिकजसो ग्रिन टोकन



लिने सेवाग्राही राष्ट्रिय परिचयपत्रका २० जना, प्रतिलिपि नागरिकताका दश जना र अन्य सेवाका दैनिक करिब चार दर्जन सेवाग्राही आउने गरेको कार्यालयले जनाएको छ ।

यसैबीच गृह मन्त्रालयले सोमबार स्थानीय प्रशासन कार्यालयलाई परिपत्र गरी प्रशासनिक सेवाग्राहीलाई विचौलिया मुक्त, छिटोछरितो, सरल र प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

मन्त्रालयले सेवा प्रवाहमा सहयोग र सहजिकरण गर्ने नाममा गैरकानुनी रूपमा रकम असुल गर्ने कार्यमा संलग्न हुने जो कोहीलाई निगरानी गरी कानुनबमोजिम कारबाही गर्ने व्यवस्था मिलाउन निर्देश गरेको छ ।

## पाल्पामा गाडी दुर्घटना, एक जनाको मृत्यु

पाल्पा । यहाँको तानसेन नगरपालिका-८, भालेबासस्थित सिद्धार्थ राजमार्गमा फोर्स गाडी दुर्घटना हुँदा घाइते भएका छ जनामध्ये एक जनाको मृत्यु भएको छ ।

पूर्वखोला गाउँपालिका-४ की ६३ वर्षीया अनुसरा खाम्चाको उपचारका क्रममा लुम्बिनी मेडिकल कलेज प्रभासमा मृत्यु भएको अस्पतालका निमित्त निर्देशक अनुप आचार्यले जानकारी दिनुभयो ।

बुटवलबाट तानसेनतर्फ आउँदै गरेको भे१ज ९७६ नम्बरको फोर्स गाडी आइतबार दिउँसो दुर्घटना हुँदा खाम्चा गम्भीर घाइते हुनुभएको थियो । दुर्घटनामा चालकसहित पाँच जना घाइते रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले बताउनुभयो । पूर्वखोला गाउँ पालिका-१ का २९ वर्षीय चालक नरबहादुर राना, सोही स्थानका ५० वर्षीय कृष्णबहादुर राजमगर, पूर्वखोला गाउँपालिका-४ घर भई हाल तानसेन नगर पालिका-४ भगवतीटोल बस्ने २८ वर्षीया मनकुमारी सारु, उहाँकी सात वर्षीया छोरी साहिरस सारु र मृतक अनुसरा खाम्चाकी पाँच वर्षीया नातिनी सायरा खाम्चा घाइते भएका छन् ।

## विधेयकमा मधेसी दलितसम्बन्धी छुटेका विषय समेट्न आग्रह

❑ *प्रत्यूष समाचारदाता*

जनकपुरधाम, ४ असोजः सरकारद्वारा प्रस्तावित ‘दलित अधिकार तथा विकाससम्बन्धी विधेयक, २०८३’ मा मधेसी दलितका विशिष्ट सवाल पर्याप्त रूपमा नसमेटिएका भन्दै अधिकारकर्मी तथा विभिन्न सङ्घ संस्थाले विधेयकलाई थप स्पष्ट र समावेशी बनाउन माग गरेका छन्। मधेसी दलितका क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्था तथा अभियन्ताले विधेयकको दफाबार अध्ययन गरी मधेसी दलितसम्बन्धी समेट्नुपर्ने विषय पहिचान गरी थप समावेशी बनाउन माग गरेका हुन् ।

दलित पत्रकार सङ्घ मधेस प्रदेश समितिका अध्यक्ष कैलाशदास, धनुषा अध्यक्ष कुलदीप दास, दलित महिला सङ्घका अध्यक्ष सरस्वती मण्डल, प्रदेश अध्यक्ष गीता दास, जनता समाजवादी पार्टी नेपालकी केन्द्रीय सदस्य सुनिता मेस्तर्नी, दलित अभियन्ता सिजेन्द्र सदा, नेपाल सरसफाइ कर्मचारी सङ्घका अध्यक्ष इनरजीत मेस्तर, सरोज मल्लिक, वैद्यनाथ पासमान, रुवि सदा, सन्तोष सरवरिया, किरण दास, समग्र महिला विकास केन्द्र नेपालकी सल्लाहकार मुन्नीदेवी दास, रामविलास धन्कार, सुरेन्द्र रविदास, उर्मिला दासलगायतद्वारा तयार पारिएको सुझावसहितको प्रतिवेदन ऐन निर्माणका लागि सम्बन्धित मन्त्रालयमा पठाउँदै मधेस प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दासलाई बुझाएका छन् । विधेयकमा मधेसी दलितको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक तथा प्रशासनिक अवस्थालाई ध्यानमा राखेर विशेष व्यवस्था गर्नुपर्ने सुझाव समेत दिइएको छ ।

हाल अभियन्ताले दलित समुदाय भित्रै रहेको भौगोलिक, सामाजिक तथा आर्थिक विविधतालाई बेवास्ता गरेर समान प्रकृतिको नीति बनाउँदा सबै समूहको वास्तविक आवश्यकता सम्बोधन हुन नसक्ने बताएका छन् ।

प्रस्तावित विधेयकमा १० परिच्छेद र ७४ दफा छन्। तीमध्ये ४६ दफामा मधेसी दलितका सवाल छुटेको वा थप स्पष्ट व्यवस्था आवश्यक रहेको पहिचान गरी सुझाव दिइएको दलित अगुवा सिजेन्द्र सदाले बताउनुभयो। मधेसी दलितको शिक्षा, रोजगारी, राजनीतिक प्रतिनिधित्व, प्रशासनिक सहभागिता, सामाजिक सुरक्षा तथा आर्थिक अवसरमा पहुँच बढाउने विषयलाई विधेयकमै स्पष्ट रूपमा सुनिश्चित गर्नुपर्ने उहाँहरूको माग छ। साथै, मधेसी दलितभित्र पनि सामाजिक तथा आर्थिक अवस्थाका आधारमा देखिएका फरकपनलाई सम्बोधन गर्नेगरी लक्षित कार्यक्रम र अवसरका व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ ।

सुझाव ग्रहण गर्दै मन्त्री दासले दलित समुदायको अधिकार सुनिश्चित गर्न विधेयक महत्वपूर्ण रहेको बताउँदै मधेसी दलितका छुटेका विषय समेट्न प्रदेशस्तरबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## सम्पादकीय ....

### सन्दर्भ संवैधानिक मान्यताको

नेपालको संविधानको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एक मौलिक हकको व्यापक व्यवस्था हो । समानताको हकदेखि स्वतन्त्रताको हक, सञ्चार तथा अभिव्यक्तिको स्वतन्त्रता, न्यायसम्बन्धी हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रता, सूचनाको हक, गोपनीयताको हक, शिक्षाको हक, स्वास्थ्यको हक, रोजगारीको हक, खाद्यसम्बन्धी हक, आवासको हक तथा सामाजिक सुरक्षासम्बन्धी हकसम्म संविधानले नागरिकको अधिकारलाई विस्तृत रूपमा सम्बोधन गरेको छ ।

सामाजिक न्याय र समावेशीकरणका दृष्टिले नेपालको संविधानले दक्षिण एसियाका अन्य लोकतान्त्रिक व्यवस्थासँग तुलना गर्दा उल्लेखनीय रूपमा संवैधानिक मान्यताको प्रयोग गरेको देखिन्छ ।

नेपालको संविधानका कतिपय लोकतान्त्रिक मूल्य र संरचनाको तुलना भारतको संविधानसँग गर्न सकिन्छ । भारतको संविधानले पनि मौलिक अधिकारलाई महत्वपूर्ण स्थान दिएको छ । समानताको अधिकार, स्वतन्त्रताको अधिकार, शोषणविरुद्धको अधिकार, धार्मिक स्वतन्त्रता तथा संवैधानिक उपचारको अधिकार भारतको संविधानको मौलिक अधिकार सम्बन्धी भागमा समावेश छन् ।

कुनै पनि देशको संविधान केवल राज्य सञ्चालन गर्ने कानुनी दस्तावेज मात्र होइन । त्यो राष्ट्रको राजनीतिक चेतना, ऐतिहासिक अनुभव, जनआकांक्षा र भविष्यको दिशानिर्देश पनि हो । संविधानले राज्यका अङ्गहरूको संरचना निर्धारण गर्छ । नागरिकका अधिकार सुनिश्चित गर्छ । सरकारको शक्ति सीमित गर्छ र नागरिक तथा राज्यबीचको सम्बन्धलाई व्यवस्थित गर्छ । त्यस अर्थमा नेपालको संविधान, २०७२ लाई केवल एउटा कानुनी ग्रन्थका रूपमा हेर्नु यसको ऐतिहासिक महत्वलाई संकुचित गर्नु हुनेछ ।

नेपालको संविधान, २०७२ लामो राजनीतिक सङ्घर्ष, जनआन्दोलन, सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, संविधानसभा र विभिन्न समुदायका आकांक्षाको लामो यात्राबाट निर्माण भएको दस्तावेज हो । यस संविधानको प्रस्तावनाले नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र तथा सक्षम न्यायपालिका र कानुनी राज्यलाई लोकतान्त्रिक मूल्यका रूपमा आत्मसात् गरेको छ । नेपाललाई सङ्घीय, लोकतान्त्रिक, गणतान्त्रिक, धर्मनिरपेक्ष र समावेशी राज्यका रूपमा परिभाषित गर्नु यसको महत्वपूर्ण विशेषता हो ।

यो संविधान कागजमा लेखिएको सामान्य कानुनी दस्तावेज होइन । विभिन्न कालखण्डमा नागरिकहरूले आफ्नो स्वतन्त्रता, अधिकार र राजनीतिक परिवर्तनका लागि जेल, यातना, निर्वासन, सामाजिक बहिष्कार र कतिपय अवस्थामा जीवनसमेत गुमाउनुपरेको इतिहास हामीसँग छ । त्यसैले संविधानका अक्षरहरू पढ्दा ती अक्षरको पछाडि उभिएको जनताको त्याग र पीडालाई पनि सम्झनुपर्छ । संविधानको वास्तविक सम्मान त्यसका धाराहरू कण्ठ गर्नुमा होइन, ती धाराले प्रत्याभूत गरेका अधिकार र मूल्यलाई व्यवहारमा उतार्नुमा हुन्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष **राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।


प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# संघीयतापछि दलित र सीमान्तकृत समुदायको जीवनमा आएको परिवर्तन

*राजु विश्वकर्मा*

कुनै बेला सार्वजनिक कार्यक्रममा आफ्नो कुरा राख्नसमेत हिच्किचाउने धनुषाको सबैला नगरपालिकाका रेणु महरा अहिले स्थानीय सरकारको निर्णय प्रक्रियामा सक्रिय सहभागी हुनुहुन्छ । सामान्य लेखपढ गर्न जान्ने महरा हाल जनप्रतिनिधिका रूपमा नगरपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा आफ्नो भूमिका निर्वाह गर्दै आउनुभएको छ ।

दलित समुदायभित्र पनि लामो समयदेखि सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएको चमार जातकी महराका लागि जनप्रतिनिधिको जिम्मेवारी सम्हाल्नु केवल व्यक्तिगत उपलब्धि मात्र होइन, सामाजिक परिवर्तनको एउटा उदाहरणसमेत हो । "पहिले सार्वजनिक ठाउँमा गएर आफ्ना कुरा राख्न पनि अप्ठ्यारो लाग्थ्यो, अहिले समुदायका समस्या लिएर बैठकमा बोल्न र समाधानका लागि पहल गर्नसक्ने भएकी छु", उहाँ भन्नुहुन्छ, "संविधानमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरेपछि म जस्ता थुप्रै दलित महिलाहरुले जनप्रतिनिधि बन्ने अवसर मात्र पाएको छैन, निर्णय प्रक्रियामा सहभागीसमेत भएका छन् ।"

सङ्घीयता कार्यान्वयनपछि स्थानीय तहमा संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएसँगै दलित तथा सीमान्तकृत समुदायका व्यक्तिले राज्यको निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउने अवसर पाएका छन् । रेणुको अनुभव त्यसैको एउटा उदाहरण हो ।

जनप्रतिनिधिका रूपमा सहभागी हुँदा आफ्नो समुदायका आवश्यकता र समस्या प्रत्यक्ष रूपमा उठाउन सकिएको हंसपुर नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान बताउनुहुन्छ । "हाम्रो बस्तीमा के आवश्यकता छ, कुन समस्या पहिले समाधान गर्नुपर्छ भन्ने विषयमा अब हामी आफैं कुरा राख्न सक्छौं", पासवानले भन्नुभयो ।

सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका समुदायको राज्यका निकायहरुमा सहभागिता विस्तार हुनु सङ्घीयतापछिको महत्वपूर्ण परिवर्तनका रूपमा देखिएको उहाँको भनाइ छ । संविधानले समानुपातिक समावेशी करणलाई राज्य सञ्चालन को आधार बनाएपछि स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्वका लागि संवैधानिक व्यवस्था गरिएको छ । यसले लामो समयदेखि सार्वजनिक निर्णय प्रक्रियाबाट बाहिर रहेका समुदायका महिलालाई स्थानीय शासनमा सहभागी हुने अवसर प्रदान गरेको छ ।

रेणु महरा जस्तै धेरै दलित महिला अहिले वडा, कार्यपालिका तथा स्थानीय तहका विभिन्न समितिमा सहभागी भएर समुदाय का समस्या उठाउँदै आएका छन् । उहाँहरूको सहभागिताले स्थानीय सरकारका नीति तथा कार्यक्रमलाई समुदायको वास्तविक आवश्यकतासँग जोड्ने अवसरसमेत बढाएको छ । सङ्घीयता र संविधानले अधिकार सुनिश्चित गरेसँगै सामाजिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउने प्रयास पनि तीव्र भएका छन् । सप्तरीका दलित अगुवा युक्तिलाल मरिकका अनुसार विगतमा वडा कार्यालय तथा विद्यालय नजिकै घर भएका कतिपय दलित तथा सीमान्तकृत समुदायका बालबालिका विद्यालय जानबाट बञ्चित हुने अवस्था थियो । राजविराज नगरपालिका-९ मलेठमा बसोबास गर्ने डोम समुदायका कतिपय बालबालिका विगतमा विद्यालय जाने गरेका थिएनन् । अहिले भने समुदायमा शिक्षासम्बन्धी चेतना बढ्नुका साथै स्थानीय तह र विद्यालयबाट उपलब्ध गराइने विभिन्न सुविधा पाएपछि बालबालिका विद्यालय पुग्न थालेको मरिकको भनाइ छ । "विद्यालय नजिकै घर भए पनि डोम समुदायका धेरै बालबालिका विद्यालय जादैन्थे । अहिले अभिभावकमा पनि शिक्षा आवश्यक छ भन्ने चेतना बढेको छ", मरिकले भन्नुभयो ।

विद्यालय तहको शिक्षा निःशुल्क हुनुका साथै दलित विद्यार्थीलाई छात्रवृत्ति, दिवा खाजालगायतका सुविधा उपलब्ध हुन थालेपछि आर्थिक रूपमा कमजोर परिवारका बालबालिका लाई विद्यालयसम्म ल्याउन सहयोग पुगेको उहाँको कथन छ । दलित तथा सीमान्तकृत समुदायको जीवनमा आएको परिवर्तन केवल सरकारी सेवा तथा सुविधामा मात्र सीमित छैन । शिक्षाको पहुँच र राज्यका निकायमा प्रतिनिधित्व बढेसँगै समुदायको सोच र सामाजिक व्यवहारमा समेत क्रमिक परिवर्तन आउन थालेको छ ।

विगतमा विद्यालय जान नसकेका समुदायका बालबालिका अहिले नियमित विद्यालय जान थालेका छन् । स्थानीय तहमा आफ्नै समुदायका प्रतिनिधि निर्वाचित भएपछि सरकारी कार्यालयमा आफ्ना समस्या राख्न पनि सहज भएको दलित समुदायका अगुवा तथा सप्तरीको बोदे बरसाइन नगरपालिका-२ का वडाध्यक्ष रामप्रसाद राम बताउनुहुन्छ । दलित महिला-सीमान्तकृत समुदायका व्यक्तिको राजनीतिक सहभागिताले नयाँ पुस्तामा समेत आत्मविश्वास बढाएको छ । सार्वजनिक पदमा पुगेका व्यक्तिलाई देखेर समुदायका बालबालिकामा आफू पनि नेतृत्वमा पुग्न सक्छु भन्ने भावना विकास हुन थालेको वडाअध्यक्ष रामको भनाइ छ । सुनिता राउतको राजनीतिक सहभागिता र सप्तरीको डोम समुदायका बालबालिका विद्यालय पुग्न थालेको अवस्थाले सङ्घीयतापछिको परिवर्तनलाई नजिकबाट बुझ्न सकिने आधार दिन्छ । हिजो सार्वजनिक कार्यक्रममा बोल्नसमेत हिच्किचाउने समुदायकी महिला आज स्थानीय सरकारको योजना निर्माणमा सहभागी हुनुहुन्छ भने अर्कोतिर विद्यालयको पहुँचमा रहेर पनि पढ्न नजाने समुदायका बालबालिका शिक्षाको अवसर लिन विद्यालय पुग्न थालेका छन् । यी परिवर्तनले संविधानमा उल्लेख गरिएको समानता, सामाजिक न्याय र समावेशीकरणको अवधारणा व्यवहारमा कार्यान्वयन हुने क्रममा रहेको देखाएको दलित समुदायका अगुवा सिजेन्द्र सदा बताउनुहुन्छ ।

यस्तो परिवर्तनलाई सबै दलित, विपन्न तथा सीमान्तकृत समुदायसम्म पुऱ्याउन राज्यका तीनै तहले लक्षित कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता उहाँ औंल्याउनुहुन्छ । सङ्घीयतापछि प्रतिनिधित्व र सेवामा पहुँच बढे पनि दलित तथा सीमान्तकृत समुदायका सबै समस्या समाधान भइसकेका छैनन् । गरिबी, भूमिहीनता, बेरोजगारी, गुणस्तरीय शिक्षामा सीमित पहुँच, सामाजिक विभेद तथा छुवाछुतजस्ता समस्या अझै चुनौतीका रूपमा रहेको भूमि अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डल खत्वे बताउनुहुन्छ । उहाँका अनुसार स्थानीय तहमा प्रतिनिधित्व पाएपनि निर्वाचित दलित जन प्रतिनिधिलाई निर्णय प्रक्रियामा प्रभावकारी भूमिका दिनुपर्ने, लक्षित समुदायका लागि छुट्याइएको बजेट वास्तविक लाभग्राहीसम्म पुऱ्याउनुपर्ने तथा शिक्षा र रोजगारीका अवसर विस्तार गर्नुपर्ने आवश्यकता छ ।

संविधानले अधिकारको सुनिश्चितता गरे पनि त्यसको वास्तविक अनुभूति नागरिकको जीवनमा हुनुपर्नेमा उहाँको जोड छ । सीमान्तकृत समुदायको जीवनस्तरमा दीर्घकालीन परिवर्तन ल्याउन शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि र आवाससँग सम्बन्धित कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । संविधान जारी भएको एक दशक पूरा हुँदै गर्दा सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय तहसम्म अधिकार र स्रोत पुगेपछि यसको प्रत्यक्ष प्रभाव समुदायस्तरमा देखिन थालेको हो । स्थानीय तहमा जनप्रतिनिधिको उपस्थिति, लक्षित वर्गका लागि बजेट तथा कार्यक्रम, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा पहुँच विस्तारले दलित तथा सीमान्तकृत समुदायलाई राज्यसँग नजिक ल्याएको अधिकारकर्मी बिनोद महराको अनुभव छ । उहाँका अनुसार नेपालको संविधानले दलित समुदायको हकलाई छुट्टै रूपमा सम्बोधन गरेको छ । संविधानको धारा ४० ले दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ । त्यस्तै, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था, स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष अवसर तथा भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ ।

संविधानको धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रलगायत विभिन्न समुदायलाई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक सुनिश्चित गरेको छ । "सङ्घीयता कार्यान्वयनपछि देखिएको महत्वपूर्ण परिवर्तन राजनीतिक प्रतिनिधित्व हो", अधिकारकर्मी महरा भन्नुहुन्छ, "स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व अनिवार्य गरिएपछि हजारौं दलित महिला निर्वाचित भएर स्थानीय सरकारको निर्णय प्रक्रियामा सहभागी भएका छन् ।"

स्थानीय तह निर्वाचन, २०७९ मा ठूलो सङ्ख्यामा दलित महिला वडा सदस्य निर्वाचित भएका थिए । यसले राजनीतिक निर्णय प्रक्रियामा दलित महिलाको सहभागिताका लागि संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्ने आधार तयार गरेको उहाँको कथन छ । वडा तहमा निर्वाचित दलित महिला सदस्यले आफ्नो समुदायका शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, आवास, सामाजिक सुरक्षा तथा विभेदसँग सम्बन्धित समस्या स्थानीय सरकारसमक्ष राख्ने अवसर पाएको उहाँ बताउनुहुन्छ ।

यसअघि राज्यका निर्णय प्रक्रियाबाट टाढा रहेका समुदायका महिलाले सार्वजनिक जिम्मेवारी सम्हाल्ने वातावरण निर्माण हुनु सामाजिक परिवर्तनको महत्वपूर्ण पक्षका रूपमा देखिएको उहाँको भनाइ छ । तर जनप्रतिनिधि हुँदैमा निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित हुन्छ भन्ने अवस्था सबै ठाउँमा समान छैन । कतिपय स्थानीय तहमा दलित महिला जनप्रतिनिधिको सहभागिता अझै औपचारिक हुने गरेको र उहाँहरू लाई नीति, योजना तथा बजेट निर्माणमा पर्याप्त भूमिका दिनुपर्ने आवश्यकता रहेको अधिकारकर्मी महरा बताउनुहुन्छ । उहाँका अनुसार सङ्घीयताको अर्को महत्वपूर्ण पक्ष राज्यका सेवा नागरिकको घरदैलो नजिक पुग्नु हो । स्थानीय तहबाट जन्मदर्ता, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, पूर्वाधार तथा विभिन्न सिफारिसका सेवा उपलब्ध हुन थालेपछि विपन्न तथा सीमान्तकृत समुदायका नागरिकलाई सेवा लिन टाढा जानुपर्ने बाध्यता घटेको छ । स्थानीय तहले आफ्नै क्षेत्रको सामाजिक तथा आर्थिक अवस्था अनुसार कार्यक्रम बनाउन सक्ने भएकाले दलित बस्ती, गरिब परिवार तथा सीमान्तकृत समुदायका लागि लक्षित योजना सञ्चालन गर्ने अवसरसमेत बढेको अर्का दलित अधिकारकर्मी गङ्गा सदाको भनाइ छ । विगतमा सामान्य सरकारी सेवा लिन सदरमुकाम वा राजधानी पुग्नुपर्ने नागरिकका लागि स्थानीय सरकारको उपस्थितिले राज्यसँगको दूरी घटाएको छ । सबै स्थानीय तहमा सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता समान नभएकाले त्यसमा सुधारको आवश्यकता रहेको सदा बताउनुहुन्छ ।

## सामाजिक सञ्जालले फेरिएको ब्यापार

म्याग्दी । म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीका कमला बानियाँ थापाले जलजला गाउँपालिका-३ पर्वत बेनीमा सञ्चालन गरेको 'थापा लोकल मार्ट'मा दुई वर्षअघि सम्म स्थानीय ग्राहक मात्रै आउँथे ।

म्याग्दी, मुस्ताङ र पर्वतका हिमाली तथा पहाडी क्षेत्रमा उत्पादन हुने विभिन्न रैथाने वस्तु पाइने थापाको पसलका सामान अहिले विदेशसम्म पुग्न थालेको छ । "सामाजिक सञ्जाल 'टिकटक' र 'फेसबुक'मा लाइभ बसेर सामान देखाउन थालेपछि ग्राहकको पहुँच बढेको मात्र छैन, कारोबार र आम्दानी पनि उल्लेख्य वृद्धि भएको छ," उहाँले भन्नुभयो, "यसअघि बेनी र मल्लाज क्षेत्रका सीमित ग्राहक आउँथे ।"

थापा जस्तै रातो च्याउ, टिमुर, सिलटिमुर, जिम्बु, सिमी, भट्ट, मह, भाँगो, दाल, बदाम र भिरमहलगायत म्याग्दीका स्थानीय उत्पादनको बिक्री गर्ने म्याग्दीका उद्यमीका लागि सामाजिक सञ्जाल सहयोगी बनेको छ ।

"फेसबुक र टिकटकमार्फत सामानको प्रचार गर्न थालेपछि बजार निकै फराकिलो भयो", सञ्चालक थापाले भन्नुभयो, "पहिला यहाँका स्थानीय उपभोक्तामै सीमित थियौं । अहिले सामान भए ग्राहकको कमी छैन ।"

दश वर्ष म्याग्दीको गैर सरकारी संस्था र पाँच वर्ष सहकारीको प्रबन्धक भएर काम गरेकी थापाले विसं २०७७ मा आफ्नै घरमा सुरु गरेको व्यवसाय सञ्चालन का लागि ज्ञान, सीपको कमीले घाटा ब्यहोर्नु परेको सम्झनुहुन्छ ।

गण्डकी प्रदेश सरकार र जलजला गाउँपालिकाले सञ्चालन गरेको वृद्धिमुखी उद्यमशीलता कार्यक्रममा सहभागी भएपछि नयाँ अनुभव प्राप्त भयो । अध्ययन भ्रमण र तालिमका कारण व्यवसायको शैली परिवर्तन गरेपछि सफलता मिलेको थापाले सुनाउनुभयो । कृषक र उद्यमीबाट ल्याएको सामान उहाँले 'फेसबुक पेज' र 'टिकटक'मार्फत सार्वजनिक गर्नुहुन्छ । सामाजिक सञ्जालमा राखिएका उत्पादनका तस्विर तथा भिडियो हेरेर सामान खरिद गर्न आउँछन् । उहाँका अनुसार बेलायत, अमेरिका र अष्ट्रेलियामा रहेका नेपालीले समेत सामाजिक सञ्जालमार्फत सामान को माग गर्न थालेका छन् ।

स्थानीय ग्राहक आफैँ पसलमा आएर सामान लैजाने गरेका छन् । देशका विभिन्न सहरमा कुरियरमार्फत सामान पठाउने गरिएको छ । विदेशमा रहेका ग्राहकका आफन्त पसलमा आएर सामान खरिद गर्ने गरेका छन् ।

सामाजिक सञ्जालकै कारण पसलसम्म आउने ग्राहकको सङ्ख्यासमेत बढेको थापाको अनुभव छ । "सामाजिक सञ्जालमा पसल र सामान देखेर गाडी लिएर पसल हेर्न आउने ग्राहक पनि हुनुहुन्छ", उहाँले भन्नुभयो ।

हाल थापा लोकल मार्टबाट वार्षिक रु ३५ देखि ४० लाखसम्मको कारोबार हुने गरेको छ । सबै खर्च कटाएर वार्षिक रु सात लाखसम्म बचत हुने गरेको थापा बताउनुहुन्छ । व्यवसायमा उहाँका श्रीमान् खुमबहादुर थापा र दुई छोराछोरीले सहयोग गर्दै आएका छन् । कामको चाप बढेका बेला स्थानीय मजदुर लाई समेत आंशिक रोजगारी दिने गरिएको छ ।

"पहिला बजार खोज्दै सामान बेच्नुपर्थ्यो, अहिले ग्राहकले नै सामान खोज्दै सम्पर्क गर्नुहुन्छ", थापाले भन्नुभयो, "सामाजिक सञ्जालले हाम्रो व्यवसायलाई नयाँ बजार दिएको छ ।" स्थानीय किसान तथा उत्पादकबाट सामान खरिद गर्ने भएकाले गाउँमा उत्पादन भएका वस्तुले बजार पाउने र उत्पादकले आफ्नो उत्पादनबाट आम्दानी गर्ने अवसर बढेको छ ।

स्थानीयस्तरमा उत्पादन हुने वस्तुलाई आकर्षक ढङ्गले प्रस्तुत गरेर सामाजिक सञ्जालमार्फत सम्भावित ग्राहकसम्म पुर्‍याउन सके साना उद्यमले पनि ठूलो बजार पाउन सक्ने थापाको अनुभव छ ।

"महिला आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ । त्यसका लागि आफ्नो सीप र क्षमतालाई निरन्तर परिमार्जन गर्दै उद्यमशीलतामा लाग्न आवश्यक छ", उहाँले भन्नुभयो, "इच्छाशक्ति, मेहनत र प्रविधिको सही प्रयोग गर्न सके गाउँमा राम्रो आम्दानी गर्न सकिन्छ ।" व्यवसायलाई अझ व्यवस्थित बनाउँदै नेपालका अन्य ठाउँमा समेत विस्तार गर्ने थापाको योजना छ । सामाजिक सञ्जालको पहुँचलाई थप विस्तार गर्दै म्याग्दी, मुस्ताङ र पर्वतमा उत्पादन हुने थप रैथाने वस्तुलाई बजारमा ल्याउने उहाँको लक्ष्य छ ।

गाउँका उत्पादनलाई गाउँमै सीमित नराखी 'डिजिटल' माध्यमबाट देश-विदेशका उपभोक्ता सम्म पुर्‍याउने थापाको प्रयासले सामाजिक सञ्जाल केवल एउटा मनोरञ्जनको माध्यम मात्र नभई स्थानीय उत्पादनको बजारीकरण र साना उद्यमको विस्तार गर्ने प्रभावकारी साधन बन्न सक्ने उदाहरण प्रस्तुत गरेको छ ।

## किसानको गुनासो सुन्दै सिक्टा सिंचाइ

राँका । बाँकेमा निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना सिक्टा सिँचाइले बाँकी निर्माणको कामलाई प्रभावकारी बनाउन स्थानीय किसानसँग सुझाव सङ्कलन गरेको छ ।

आयोजनाले पूर्वी नहर प्रणाली अन्तर्गत पर्ने राजकुलो शाखा, उपशाखा तथा प्रशाखा नहरबाट सिँचाइ सुविधा लिइरहेका र भविष्यमा लिने सोच बनाएका किसान तथा सरोकारवालालाई लक्षित गरी मङ्गलबार राप्ती सोनारी गाउँपालिका-३ बैजापुरमा गुनासो सुनुवाइ कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा आयोजनाका निर्देशक राजु आचार्यले स्वयं उपस्थित भई किसानका समस्या तथा गुनासो सुनुवाइ गर्नुभएको छ ।

## कृषि विश्व विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै

चितवन । कृषि तथा वन विज्ञान विश्व विद्यालयमा स्नातक तहमा अध्ययन गर्न इच्छुक विद्यार्थीको सङ्ख्या बढेको छ । गत वर्षको तुलनामा यस वर्ष प्रवेश परीक्षामा सहभागी भएका विद्यार्थीको सङ्ख्या बढेको हो ।

विश्व विद्यालयका उप कुलपति प्रा डा ऋषिराम कट्टेलका अनुसार गत शैक्षिकसत्रमा एक हजार ५०८ ले प्रवेश परीक्षा दिएकामा यस वर्ष एक हजार ६८७ जनाले प्रवेश परीक्षा दिएका छन् ।

विश्व विद्यालयले देशका विभिन्न छ ठाउँबाट एकैसाथ प्रवेश परीक्षा लिएको हो । विगतका वर्षहरूमा काठमाडौँ, हेटौँडा र चितवनको रामपुरमा मात्रै परीक्षा दिने व्यवस्था गरिएको थियो ।

यस वर्ष रामपुरबाट ५६८, काठमाडौँबाट ७०६, हेटौँडाबाट ६५, इटहरीबाट १४५, जनकपुरबाट ९१ र नेपालगञ्जबाट ११२ जनाले प्रवेश परीक्षा दिएका कट्टेलले जानकारी दिनुभयो । यस वर्ष फारम भर्नेको सङ्ख्या एक हजार ८०१ रहेकामा ११४ जना परीक्षामा उपस्थित भएका छैनन् ।

विश्वविद्यालयको केन्द्रीय क्याम्पस र आङ्गिक गरी नौ ठाउँमा ८५४ जना विद्यार्थीले पढ्न पाउँछन् । यस्तै सम्बन्धन प्राप्त आठ वटा निजी क्याम्पसमा ४०० जनाले अध्ययन गर्ने अवसर पाउँछन् । ती सबै जोड्दा एक हजार २५४ जनाले अध्ययन गर्न पाउनेछन् । तीमध्ये १२ जना विदेशी विद्यार्थी पनि पर्दछन् । उनीहरू प्रवेश परीक्षामा सहभागी हुनुपर्दैन ।

उपकुलपति प्रा डा कट्टेलले यस वर्ष विद्यार्थीको सङ्ख्या बढेकाले आङ्गिक र निजी सम्बन्धन प्राप्त क्याम्पसमा विद्यार्थी पुग्ने बताउनु भयो । गत वर्ष आठ वटा आङ्गिकमध्ये पाँच वटा विद्यार्थीको अभावमा नयाँ भर्ना भएका थिएनन् । निजी आठ वटा क्याम्पसले विद्यार्थी नपाउँदा बन्द छन् । कट्टेलले विद्यार्थी नपुगे आङ्गिक क्याम्पसलाई अनुसन्धान, नवपर्वतन र प्रसार केन्द्रको रुपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । विद्यार्थी नपुगेमा २१ दिनभित्र पुनः प्रवेश परीक्षा समेत गरिने उहाँले बताउनुभयो ।

प्रा डा कट्टेलले देशभरका क्याम्पससमार्फत प्रचारप्रसार गरी देशका छ ठाउँमा प्रवेश परीक्षा गरिएको र पाठ्यक्रम परिमार्जनसँगै गुणस्तरमा विकास हुँदा विद्यार्थीको आकर्षण बढेको बताउनुभयो । यस विश्वविद्यालयमा कृषि, पशु चिकित्सा विज्ञान तथा पशुपालन, मत्य विज्ञान र वन विज्ञान, विषयमा स्नातक, स्नातकोत्तर र विद्या वारिधिको अध्यापन हुन्छ ।

कृषि सङ्कायका डिन प्रा डा सुन्दर तिवारीले विदेशी विद्यार्थी पाँचको आवेदन प्राप्त भएको बताउनुभयो । ती विद्यार्थी भारत र बंगलादेशका हुन् । परराष्ट्र मन्त्रालय मार्फत् अन्य विद्यार्थी आउने अपेक्षा गरिएको छ । विश्वविद्यालयमा तीन सङ्कायमा गरी विदेशी १२ जना विद्यार्थी यस शैक्षिक सत्रबाट भर्ना गरिँदै छ । तीमध्ये पाँच जना कृषि, तीन पशु चिकित्सा, एक मत्स्य विज्ञान र तीन जना वन विज्ञानका रहेका छन् ।

## नेपाल पुलिस स्कुललाई रनिङ फुटबल ट्रफीको उपाधि

भक्तपुर । यस वर्षको सैनिक आवासीय महाविद्यालय अन्तरविद्यालय रनिङ फुटबल ट्रफीको उपाधि नेपाल पुलिस स्कुल, साँगाले हात पारेको छ । सैनिक आवासीय महाविद्यालय सल्लाघारी (भक्तपुर)को आयोजनामा सञ्चालन भएको २२औं सैनिक आवासीय महा विद्यालय अन्तरविद्यालय रनिङ फुटबल ट्रफीको महाविद्यालयको घरेलु मैदानमा भएको फाइनल खेलमा महाविद्यालयलाई २-१ गोल अन्तरले पराजित गर्दै नेपाल पुलिस स्कुल, साँगाले उपाधि हात पारेको हो । शनिबार आयोजित समापन कार्यक्रम कायममुकायम प्रधान सेनापति बलाधिकृत रथी प्रदीप जङ्ग केसीले विजेता नेपाल पुलिस स्कुललाई रु ५० हजार नगद पुरस्कारसहित ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभयो । उहाँले उपविजेता सैनिक आवासीय महाविद्यालय रातोलाई रु ३० हजार नगद पुरस्कारसहित रनरअप ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभयो । उहाँले प्रतियोगिता मा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक तथा रेफ्रीहरूलाई विभिन्न विधामा पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । पुरस्कार वितरणपछि कायम मुकायम प्रधान सेनापति बलाधिकृत केसीले विद्यार्थी जीवनमा खेलकुदको महत्व, अनुशासन, टोली भावना तथा स्वस्थ प्रतिस्पर्धाले व्यक्तित्व विकासमा पुर्‍याउने योगदान महत्वपूर्ण हुने बताउनुभयो । २२औं संस्करणको यस प्रतियोगिताले विद्यालयस्तरमा फुटबल खेलको प्रवर्द्धन गर्नुका साथै प्रतिभावान खेलाडीको पहिचान र विकास, विद्यार्थीहरूबीच आपसी भाइचारा तथा सौहार्दपूर्ण सम्बन्ध विस्तार र खेलकुदमार्फत अनुशासित एवं स्वस्थ जीवनशैलीको विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको उहाँले बताउनुभयो । विद्यालयस्तरीय फुटबल खेलको विकास तथा विद्यार्थीहरूमा खेलकुद भावना, अनुशासन, नेतृत्व क्षमता र स्वस्थ प्रतिस्पर्धाको संस्कार विकास गर्ने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगितामा श्री सैनिक आवासीय महाविद्यालयका दुई टिमसहित उपत्यकाका विभिन्न विद्यालयका जम्मा १२ समूह सहभागी भएका महाविद्यालयका व्यवस्थापन प्रमुख कर्नेल शिव पौडेलले जानकारी दिनुभयो । प्रतियोगिताका लिग तथा नकआउट चरणमा गरी कूल १९ वटा खेल सञ्चालन भएका थिए ।


## भक्तपुरको दमकल सेवा प्रभावकारी बनाउन गृहमन्त्री गुरुङको चासो

भक्तपुर । गृहमन्त्री सुधन गुरुङले मङ्गलबार जुद्ध बारुण यन्त्र भक्तपुर कार्यालयको स्थलगत अवलोकन गर्नुभएको छ ।

भक्तपुरको दूधपाटी स्थित जुद्ध बारुण यन्त्र कार्यालयमा पुग्नुभएका गृहमन्त्री गुरुङलाई कार्यालय प्रमुख विजय धौभडेलले दमकलको वर्तमान अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो । गृहमन्त्री गुरुङले आगलागी भएमा अग्नि नियन्त्रणका लागि 'ड्रोन' प्रविधि आइसकेको बताउँदै त्यसतर्फ पनि सरकारले ध्यान दिने सो अवसरमा बताउनुभयो । उहाँले दमकलको अवस्थाका बारेमा चासो लिनाका साथै समस्या समाधानका लागि आफू लाग्ने बताउनुभयो ।

कार्यालयका प्रमुख धौभडेल ले बेल्जियमको समूहले अग्नि नियन्त्रकलाई तालिम दिने गरेको जानकारी गराउनुभएको थियो । उहाँले दुईवटा ड्रोन ल्याउन सके अग्लो ठाउँमा लाग्ने आगो नियन्त्रणका लागि सहज हुने बताउनुभयो । यस वर्ष सरकारले प्रविधि एवं उपकरण खरिदका लागि रु ९४ लाख विनियोजन गरेको छ । पुराना दमकलको सङ्ग्रहालय निर्माण गर्न र कर्मचारीको समस्या समाधानमा चासो दिन उहाँले आग्रह गर्नुभयो ।

गृहमन्त्री गुरुङ दमकलको अवलोकनपछि राति नै नवदुर्गा मन्दिर पुग्नुभएको थियो । गृहमन्त्रीले नवदुर्गा मन्दिरमा दसैँको नवमीका दिन राति बलि दिने खमेय (राँगो) का बारेमा जानकारी लिनुभएको थियो । नवदुर्गा देवगणका तर्फबाट नारायण बनमालाले नवदुर्गा जात्रा एवम् पर्व सञ्चालनका लागि सरकारले चासो दिनुपर्ने कुरा बताउनुभयो । यसबीच गृहमन्त्री गुरुङले कमलविनायक बजार र कमलपोखरीको अवलोकन गर्नुभयो ।



सो अवसरमा सङ्घीय सांसद रुकेश रञ्जित, गङ्गालक्ष्मी अवाललगायतले भक्तपुरको समग्र अवस्थाका बारेमा उहाँलाई जानकारी गराउनुभएको थियो ।

## हावाहुरी - असिनापानी लगायतका विपद् प्रभावित किसानलाई राहत

दमौली । हावाहुरी, असिना पानी तथा विभिन्न रोगका कारण बालीमा क्षति व्यहोरेका तनहुँका किसानलाई कृषि विकास कार्यालयले राहत तथा पुनःस्थापनाका लागि रु आठ लाख ७८ हजार उपलब्ध गराएको छ ।

प्राकृतिक प्रकोप तथा रोगका कारण बालीमा क्षति पुगेका किसानलाई कार्यालयले क्षतिको मूल्याङ्कन गरी राहत रकम वितरण गरेको हो ।

कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार जिल्लाका विभिन्न स्थानका १९३ हेक्टर क्षेत्रफलमा लगाइएको बालीमा क्षति पुगेको थियो । लागतका आधारमा गरिएको मूल्याङ्कन अनुसार ती बालीमा रु ३७ लाख १८ हजार ३०० बराबरको क्षति भएको थियो । किसानले व्यहोरेको सम्पूर्ण क्षति पूर्ति गर्न नसकिए पनि केही राहत मिलोस् र आगामी खेतीका लागि पुनः स्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्य राखिएको समेत उहाँले सो क्रममा बताउनुभयो ।

तनहुँमा चैते धानमा सबैभन्दा बढी असर परेको कार्यालयको तथ्याङ्कले देखाएको छ । चैते धानमा मरुवा रोग तथा असिना पानीका कारण ठूलो क्षति पुगेको हो । अधिकारीका अनुसार १७२ हेक्टर क्षेत्रफलमा लगाइएको चैते धानमा रु १२ लाख २३ हजार ६०० बराबरको क्षति भएको थियो । त्यसबापत किसानलाई रु तीन लाख पाँच हजार ९०० राहत उपलब्ध गराइएको छ । चैते धानसँगै तनहुँको



प्रमुख नगदेबालीका रूपमा रहेको सुन्तला खेतीमा पनि हावाहुरी र असिना पानीले ठूलो क्षति पुर्‍याएको छ । कार्यालयका अनुसार नौ दशमलव तीन हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तला खेतीमा रु १८ लाख ७७ हजार बराबरको क्षति भएको थियो ।

उक्त क्षतिबापत विभिन्न किसानलाई रु चार लाख ६९ हजार राहत प्रदान गरिएको छ । त्यसैगरी, हावाहुरी तथा असिना पानीका कारण तरकारी तथा अन्य बालीमा क्षति पुगेको छ । कार्यालयका अनुसार १२ हेक्टर क्षेत्रफलमा लगाइएको तरकारी तथा अन्य बालीमा रु ८६ लाख १८ हजार ७०० बराबरको क्षति भएको थियो । कार्यालयले राहत रकम वितरणसँगै किसानलाई पुनः उत्पादनमा फर्काउन आवश्यक सहयोग र प्राविधिक परामर्शलाई पनि प्राथमिकता दिएको अधिकारीले उल्लेख गर्नुभयो ।

## दशौँ राष्ट्रिय टुरिष्ट गाइड सम्मेलन काठमाडौँमा

काठमाडौँ । 'दिगो पर्यटनका लागि पथप्रदर्शकको दक्षता' भन्ने मूल नाराका साथ दशौँ 'राष्ट्रिय टुरिष्ट गाइड सम्मेलन' काठमाडौँमा सम्पन्न भएको छ ।

टुरिष्ट गाइड एशोसियशन अफ नेपाल (टुर्गान)को आयोजनामा टुरिष्ट गाइड (पर्यटन पथप्रदर्शक) को क्षमता अभिवृद्धि तथा यस क्षेत्रका समस्या समाधानका लागि बृहत् छलफल गर्ने उदेश्यले आइतबार यहाँ सम्मेलन आयोजना गरिएको हो ।

सम्मेलनको बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले उद्घाटन गर्नुभयो। कार्यक्रममा मन्त्री प्रजापतिले 'टुरिष्ट गाइड'को समस्यालाई प्राथमिकताका आधार मा समाधान गर्दै लैजाने बताउनु भयो । "टुरिष्ट गाइडका तत्काल गर्नुपर्ने समस्या समाधान गर्ने र पछि समाधान गर्नुपर्ने विषयलाई नीति, कानुनबाट समाधान गर्दै लगिनेछ", उहाँले भन्नुभयो। मन्त्री प्रजापतिले टुरिष्ट गाइड नेपालको पर्यटन क्षेत्रको विकासका स्तम्भ भएको बताउनु भयो । पर्यटक पथप्रदर्शकले पर्यटकलाई मात्र नभएर देशकै पर्यटन क्षेत्रको बाटो देखाइरहेको उहाँको भनाइ छ । टुर्गानका अध्यक्ष प्रभालक्ष्मी प्रधानाङ्गले अनुमतिपत्र नलिइ पर्यटक घुमाउने टुरिष्ट गाइडलाई कारबाही गरिनुपर्ने बताउनुभयो। उहाँले नेपाल भ्रमणका लागि आएका विदेशी पर्यटकलाई नेपालको सकारात्मक सन्देश दिने दूतको कामसमेत टुरिष्ट गाइडले गरिरहेको सो क्रममा बताउनुभयो। अध्यक्ष प्रधानाङ्गले सम्पदा क्षेत्रमा पर्यटक बोक्ने हरियो नम्बरप्लेटको सवारीसाधनलाई उचित पार्किङको व्यवस्था मिलाउनुपर्ने, स्तरीय शौचालय निर्माण गर्नुपर्ने, जथाभावी माग्नेको समस्या समाधान गर्न माग गर्नुभयो ।

नेपाल एशोसियसन टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का महासचिव राजकुमार देवकोटाले अन्तरराष्ट्रिय जगतमा नेपालको पर्यटनबारे सकारात्मक सन्देश दिन टुरिष्ट गाइड लाग्नुपर्ने बताउनुभयो। उहाँले पर्यटन क्षेत्रको विकास भएमात्र देशको विकास हुने भएकाले पर्यटन क्षेत्रको विकासमा सबै लाग्नुपर्ने उल्लेख गर्नुभयो ।

टुर्गानका पूर्वअध्यक्ष हरेराम बरालले विदेशी पर्यटकलाई नेपालका बारेमा राम्रोसँग जानकार गराउन टुरिष्ट गाइडको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

विसं २०४६ मा स्थापना भएको टुर्गानमा हाल देशभर एक हजारभन्दा बढी 'टुरिष्ट गाइड' आवद्ध रहेको टुर्गानका महासचिव सुविन सितिखुले जानकारी दिनुभयो । उहाँका अनुसार हाल देशभर पाँच हजारभन्दा बढीले अनुमतिपत्र लिइसकेका छन्। कार्यक्रममा 'टुरिष्ट गाइड'का क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएका केदार तामाङ, शिवप्रसाद शर्मा, श्रीकृष्ण खरेल, कृष्णकमल सैजु, रमिला पाण्डे, बुद्धिलक्ष्मी शाक्य लगायतलाई सम्मान गरिएको थियो । उक्त सम्मेलनले काठमाडौँ घोषणापत्र समेत जारी गर्नेछ ।

## विपद्मा स्वयंसेवक हुनु त नेपालीजस्तो..

काठमाडौँ। विपद्मा स्वयंसेवकको सेवा कस्तो हुनुपर्दछ भन्ने अब्बल उदाहरण रसुवा मैलुङका गणेश नेपालीले प्रस्तुत गर्नुभएको छ। यही भदौ १० गते बिहान भोटेकोशी नदीमा गएको अकल्पनीय बाढीबाट अकल्पनीय रूपमा जोगिनुभएका नेपाली आफूलाई जोखिम मोलेर अहिले त्रिशूली नदीमाथि बनेको अस्थायी तुइनमा डोरी तान्ने काममा स्वयंसेवकका रूपमा तल्लीन हुनुहुन्छ ।

विदुर नगरपालिका-९ स्थित सिमुटार-कोलनी जोड्ने तुइनमा उहाँले नेपाल रेडक्रसको स्वयंसेवक भएर बाढी प्रभावितसहित अत्यावश्यकीय सामग्रीलाई तुइन मार्फत वारिपारि गर्न सहजीकरण गरिरहनुभएको छ। उहाँले भन्नुभयो, "बाढीमा परेर घाइते हुनुभएका दाजु काठमाडौँस्थित वीर अस्पतालको ट्रमामा उपचाररत हुनुहुन्छ । भेट्न जान पनि पाएको छैन ।

बाढी प्रभावितको पीडा देखेर मनले मानेन। यहाँ आएर तुइन जडान गर्न स्वयंसेवक भएर सुरक्षाकर्मीलाई साथ र सहयोग गरेँ। तुइन जडान भएपछि डोरी तान्ने काममा स्वयंसेवक गरिराखेको १२ दिन बितिसक्यो।" बाढीले सिमुटार-कोलनी पुल क्षणभरमा बगाएपछि कोलनी वासी ठूलो समस्यामा परेका थिए । आवतजावत गर्न सम्पर्क टुटेको थियो। प्रभावितको खोज र उद्धारमा समेत जटिलता आएको थियो । सुरुआती दिनमा हेलिकप्टरमार्फत नै उद्धार गरिएको थियो। बाढीपूर्व पुलमार्फत सात-आठ मिनेटमा आवतजावत गर्न सकिने स्थान अहिले सात घण्टामा पनि पुगिँदैन। उहाँका अनुसार तुइन जडान भएपछि अहिले दैनिक पाँच सयसम्मलाई वारिपारि गराउनुपर्दछ। बाढीप्रभावितसहित अन्यलाई वारिपारि गर्न टोकन प्रणाली कार्यान्वयनमा ल्याइएको छ ।

बिरामी, बाढीमा आफन्त गुमाएका, अति प्रभावित, महिला, बालबालिका तथा अत्यावश्यक सामग्री लैजान पहिलो प्राथमिता दिइएको छ। उहाँले भन्नुभयो, "स्वयंसेवक भएर सेवा गर्न पाउँदा म खुसी छु, बाढीको पीडा सम्झन चाहन्न ।" नेपाल रेडक्रस, संरक्षण विभागका प्रमुख दिव्यराज पौडेलले बाढी प्रभावित स्थानमा रेडक्रसका स्वयंसेवक अहोरात्र जुटिरहनुभएको जानकारी दिँदै स्वयंसेवक नेपालीको सेवा उदाहरणीय रहेको समेत बताउनुभयो ।

## स्वास्थ्य सेवाको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय

जनकपुरधाम, । मधेस प्रदेश सरकारले स्वास्थ्य सेवामा आवश्यक जनशक्ति व्यवस्थापन गर्न अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। प्रदेश सरकारको आतबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील सेवा भएकाले मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको टुङ्गो नलागे सम्मका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो ।

हालका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिन स्वास्थ्य मन्त्रालयको प्रस्तावबमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको मधेस प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकले प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरू र प्रदेशसभाका पदाधिकारी तथा सदस्यको निजी तथा स्वकीय सचिवालयमा रहेको विद्यमान सङ्गठनात्मक संरचना र कर्मचारी सङ्ख्या पुनरावलोकन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ ।

सरकार प्रवक्ता भट्टराईका अनुसार सरकारले उक्त अध्ययन प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ। सचिवालयमा कार्यरत जनशक्तिलाई कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थित गर्दै सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग गर्ने उद्देश्यले उक्त निर्णय गरिएको उहाँले बताउनुभयो ।

बैठकले स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकास तथा सेवा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गर्न स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ संशोधनको विधेयक मस्यौदा प्रदेशसभाको आगामी अधिवेशनमा पेस गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा, शर्त, सुविधा तथा वृत्ति विकासका विषयलाई थप स्पष्ट, व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन गरी आवश्यक सुधार गर्न लागिएको सरकारले जनाएको छ ।

मन्त्री भट्टराईका अनुसार स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको स्थायित्व, वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारी व्यवस्थापनमा देखिएका कानुनी र व्यावहारिक जटिलता समाधान गर्ने उद्देश्यले ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरिएको हो ।

## मनास्लु आधारशिविरको अनशन स्थगित

गोरखा । मनास्लु आधारशिविरमा युवाहरुले तीन दिनदेखि गरेको आमरण अनशन स्थगित गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, गण्डकी प्रदेश र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) ले माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि अनशन स्थगीत गरिएको दावा नुर्बु लामाले बताउनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, गण्डकी प्रदेश र एमक्यापले आइतबार उनीहरु लाई वार्ता र संवादद्वारा माग पूरा गर्ने व्यहोराको पत्र पठाएको थियो। सोहीअनुसार अनशन स्थगित गरी मनास्लु बेसक्यापबाट सामागाउँ फर्किएको अनसन टोलीका अगुवा लामाले जानकारी दिनुभयो । जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनीकरण तथा हिमताल विस्फोट लगायतका खतराबाट बचाउन माग गर्दै गत शुक्रबारदेखि उनीहरु आमरण अनशनमा बसेका थिए । सामागाउँका ३६ वर्षीय दावा नोर्बु लामाको नेतृत्वमा ३९ वर्षीय निमा छिरिङ लामा, २५ वर्षीय लेक्ष्य लामा, २७ वर्षीय पासाङ नोर्बु लामा, २६ वर्षीय छिरिङ फुन्सोक लामा, २९ वर्षीय टासी डुण्डुप लामा, २८ वर्षीय छेवाङ घ्यूर्मे लामा, २३ वर्षीय छेवाङ बाबा लामा, २८ वर्षीय कर्मा छिरिङ लामा, २९ वर्षीय पेम्बा छिरिङ लामा र वडा नं ७ का ३१ वर्षीय पेम्बा गुरुङ शुक्रबार देखि नै अनशनरत थिए । हिमाली गाउँबस्तीभन्दा माथि धेरै नयाँ तालहरु थपिँदै गएको, हरिया तालहरु थपिँदै गएको, वीरेन्द्र ताल लगायत हिमतालमा पानीको सतह पनि बढिरहेकाले यसको निरन्तर नाप जाँच गर्ने प्रविधि जडान गर्नुपर्ने, यसको सम्भावित जोखिमबाट बचाउन गाउँबस्तीमा साइरन जडान गर्नुपर्ने, हिमाली क्षेत्रका विद्यालयमा जलवायु परिवर्तन र यसबाट बच्ने उपाय समेटिएको पाठ्यक्रम बनाएर पठनपाठन गर्नुपर्ने लगायतका माग राख्दै सामागाउँमा ११ युवा अनशनमा थिए ।

त्यसैगरी आगामी भविष्यमा हिमताल विस्फोट हुनसक्ने जोखिमको अध्ययन हुनुपर्ने, चीन र नेपालको सीमा क्षेत्रका तालको नियमित संयुक्त निगरानी हुनुपर्ने, विश्वव्यापी तापमान वृद्धिमा नेपालको योगदान नभए पनि दुष्प्रभाव भोगिरहनु परेकाले जलवायु क्षतिपूर्ति र न्याय पाउनुपर्ने लगायतका माग उनीहरुले राखेका थिए ।

## भक्तपुरमा अपराधसम्बन्धी १७८ मुद्दा दर्ता

भक्तपुर । जिल्ला प्रहरी परिसर भक्तपुरले गत भदौ महिनामा विभिन्न अपराधसम्बन्धी १७९ वटा मुद्दा दर्ता गरेको छ ।

एक महिनामा भएका अपराधका घटनाबारे जानकारी दिँदै परिसरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले दर्ता भएका मुद्दामध्ये ५७ वटा फछ्र्योट भएकँ बताउनुभयो । एक महिनाको अवधिमा भक्तपुरमा जघन्य अपराध तर्फ एउटा, जबर्जस्ती करणी पाँच, लागुऔषधका तीन र हातहतियार खरखजनातर्फ एउटा मुद्दा दर्ता भई कारबाहीका लागि प्रक्रिया अघि बढाइएको उहाँले जानकारी दिनुभयो। आर्थिक अपराधतर्फ कुल ९६ वटा मुद्दा दर्ता भएकामा सबैभन्दा बढी बैंकिङ कसुरका ७७ वटा र ठगीका १९ वटा मुद्दा रहेको तथा १२ वर्ष पुरानो सवारी ज्यान मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो ।

त्यसैगरी, अदालतबाट सजाय तथा जरिवाना ठहर भई फरार रहेका ६५ प्रतिवादी पक्राउ गरिएका र कुल ४४ वर्ष छ महिना तीन दिन कैद सजाय भुक्तानका लागि पठाइएको उहाँले जानकारी दिनुभयो। सो क्रममा रु एक करोड २२ लाख १९ हजार जरिवाना असुली गरिएको छ ।

त्यसैगरी, सोही अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित नौ वटा मुद्दा दर्ता भएको घरेलु हिंसातर्फ परेका १३ वटा उजुरी परेको, जिल्लामा कुल २३ वटा सवारी दुर्घटनामध्ये एक जनाको मृत्यु र ३५ जना घाइते भएको, दुई हजार ९४७ वटा सवारी साधनका चालकलाई कारबाही गरी रु १३ लाख ९२ हजार राजस्व सङ्कलन गरेको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो । प्रहरीले सृजनानगरबाट १९ वर्षीय रामकृष्ण शर्माको साथबाट १२ राउन्ड अवैध गोली बरामद गर्नुका साथै कर्तव्य ज्यान मुद्दा चाँगुनारायण का राकेश पराजुली र भक्तपुरका किशोर चौगुठीलाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी दीपककुमार कार्कीले जानकारी दिनुभयो ।

## चाडपर्वको संरक्षणसँगै समयानुकूल रूपान्तरण आवश्यक

काठमाडौँ । संस्कृतिविद् प्रा डा सोमप्रसाद खतिवडाले नेपाली समाजमा प्रचलित चाडपर्व, जात्रा र सांस्कृतिक परम्पराको संरक्षणसँगै समयानुकूल रूपान्तरण आवश्यक रहेको बताउनुभएको छ ।

साहित्य सन्ध्याको ४८९औँ नियमित मासिक शृङ्खला अन्तर्गत आयोजित 'नेपाली समाजमा प्रचलित चाडबाड र रूपान्तरण' विषयक कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका पूर्वप्रमुख डा खतिवडाले चाडपर्व नेपाली समाजका परम्परा, सम्पदा र पहिचान भएको बताउनुभयो । उहाँले नेपालमा विभिन्न समुदाय र स्थानअनुसार फरकफरक शैलीमा चाडपर्व मनाउने परम्परा रहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार नेपालमा एक हजारभन्दा बढी चाडपर्व, जात्रा तथा पर्व मनाइन्छन्। कतिपय चाडपर्व र परम्परा समय क्रममा हराउँदै गएको उल्लेख गर्दै उहाँले सांस्कृतिक पहिचान जोगाउन पुस्तान्तरण र आवश्यक रूपान्तरणमा ध्यान दिनुपर्ने बताउनुभयो। काठमाडौँ उपत्यका का धेरै पर्व तथा जात्रामा नेवारी संस्कृतिको प्रभाव रहेको उहाँले उल्लेख गर्नुभयो ।

थपलियाको कविताकृति बारे परिचर्चा

कार्यक्रममा पत्रकार एवं साहित्यकार गोपाल प्रसाद थपलियाद्वारा लिखित कवितासङ्ग्रह 'सत्ताको मान्छे'को परिचर्चा गरिएको थियो । समालोचक प्रा डा हेमनाथ पौडेलले कृतिमाथि टिप्पणी गर्दै सङ्ग्रहमा १६४ कविता समेटिएको जानकारी दिनुभयो । उहाँले कवितामा राष्ट्रियता, मानवीयता, प्रकृति, सामाजिक विकृति, सत्ताको अहङ्कार, जन उत्तरदायित्वको कमी, सामाजिक न्याय तथा राष्ट्रिय स्वाधीनताजस्ता विषय अभिव्यक्त भएका बताउनुभयो। सिर्जनामा समसामयिक राजनीतिक, सामाजिक तथा प्राकृतिक विपत्तिका विषय समेटिएको बताउनुभयो । हालैको भोटेकोशी बाढीबाट उत्पन्न मानवीय पीडा र त्यसले साहित्यमा पारेको प्रभाव कवितामा अभिव्यक्त भएको उल्लेख गर्नुभयो। कार्यक्रममा ओमप्रसाद कोइराला, राम विनय, शिवप्रसाद आचार्य, कुमार नेपाल, आभा सेतु सिंह, डा मनोज जोशी लगायतले आफ्ना रचना प्रस्तुत गर्नुभएको थियो। साहित्य सन्ध्याका अध्यक्ष राम विनयले साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको अभियान लाई निरन्तरता दिइरहेको कुरा बताउनुभयो ।

## घाइते यादवको शरीरबाट गोली निकालियो

सुनसरी। सुनसरीको देवानगन्जमा गोली प्रहारबाट घाइते भएका २४ वर्षीय निरजकुमार यादवको शल्यक्रिया गरी शरीरबाट गोली निकालिएको छ । देवानगन्ज गाउँपालिका-१ मध्यहर्षाहीस्थित बीपी चोकमा शनिबार साँझ गोली प्रहारबाट घाइते भएका यादवको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ। उहाँको आइतबार शल्यक्रिया गरी गोली निकालिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले बताउनुभयो । यादवको कम्मर मुनिको दायाँ तिघ्रामा गोली लागेको छ । उहाँ हरिनगर बजारबाट मोटरसाइकलमा घर फर्किने क्रममा लक्ष्मीनारायण मन्दिर अगाडि गोली प्रहारबाट घाइते हुनु भएको थियो।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com